# विजय लघुवित्त वित्तीय संस्था लिमिटेड.
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय)

Gaindakot-5 , Nawalparasi

Phone: 078-503122 Fax: 078- 503130 Email: vlbs@vlbs.com.np


## Unaudited Financial Results (Quarterly)

### At the end of Fourth Quarter (31/03/2076) of Fiscal Year 2075/76

*(Rs. in '000')*

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **3,161,957.10** | **2,651,929.09** | **1,594,312.03** |
| 1.1 | Paid-up Capital | 194,810.00 | 194,810.00 | 194,810.00 |
| 1.2 | Reserves and Surplus | 85,456.13 | 60,058.14 | 23,145.80 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,212,910.57 | 1,831,440.81 | 1,051,703.57 |
| 1.5 | **Deposits (a+b)** | **593,397.45** | **505,285.87** | **308,290.52** |
| | a. Domestic Currency | 593,397.45 | 505,285.87 | 308,290.52 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 1,841.94 | 17,706.02 | 392.10 |
| 1.7 | Other Liabilities | 73,541.00 | 42,628.24 | 15,970.04 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **3,161,957.10** | **2,651,929.09** | **1,595,244.14** |
| 2.1 | Cash & Bank Balance | 165,912.27 | 120,242.11 | 83,720.11 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | 9,005.48 | 9,005.48 | 7,279.15 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 2,937,390.16 | 2,471,560.60 | 1,479,683.40 |
| | f. Others | 2,937,390.16 | 2,471,560.60 | 1,479,683.40 |
| 2.5 | Fixed Assets | 43,102.57 | 24,426.54 | 20,819.19 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 6,546.62 | 26,694.36 | 3,742.29 |
| 3 | **Profit and Loss Account** | **Up to this Quarter** | **Up to Privious Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest income | 375,729.74 | 251,466.98 | 196,093.91 |
| 3.2 | Interest Expense | 211,654.36 | 140,636.60 | 96,228.00 |
| A | **Net Interest Income (3.1-3.2)** | **164,075.38** | **110,830.38** | **99,865.91** |
| 3.3 | Fees Commission and Discount | 2,137.77 | 1,394.21 | 1,257.03 |
| 3.4 | Other Operating Income | 78,491.83 | 54,298.46 | 40,959.30 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **244,704.99** | **166,523.05** | **142,082.24** |
| 3.6 | Staff Expenses | 83,868.41 | 59,589.13 | 59,426.85 |
| 3.7 | Other Operating Expenses | 49,153.81 | 34,026.09 | 32,759.73 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **111,682.76** | **72,907.83** | **49,895.66** |
| 3.8 | Provision for Possible Loss | 15,256.87 | 21,709.47 | 17,146.58 |
| D | **Operating profit (C-3.8)** | **96,425.89** | **51,198.37** | **32,749.08** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 4,632.17 | 3,003.18 | 7,764.00 |
| 3.10 | Write Back of Provision for Possible Loss | 914.20 | 6,006.45 | - |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **101,972.26** | **60,207.99** | **40,513.07** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | 5.00 | 5.00 | (842.31) |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **101,977.26** | **60,212.99** | **39,670.77** |
| 3.12 | Provision For Staff Bonus | 9,270.66 | 5,473.91 | 3,606.43 |
| 3.13 | Provision For Tax | 30,396.28 | 17,706.02 | 11,127.50 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **62,310.32** | **37,033.07** | **24,936.83** |
| 4 | **Ratios** | **At The End of this Quarter** | **At The End of Previous Quarter** | **At The End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 9.52% | 10.16% | 14.99% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.75% | 2.53% | 1.79% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 86.81% | 73.30% | 119.11% |
| 4.4 | Cost of Funds | 10.97% | 10.80% | 10.82% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 96.71% | 97.26% | 95.72% |

**Note:** *Figures may change subject to instructions, if any , from statutory /regulatory authorities.*
*Figures are rearrange and regrouped whereever necessary.*

| Interest Rate | |
|---|---|
| 1. Deposit 6 % - 9.76 % | 2. Loan and Advance 15% -18% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को**
**अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७५/०७६ को चौथो त्रैमासिक विवरण

**१. वित्तीय विवरण:**

(क) यस वित्तीय संस्थाको आ.व. ०७५/७६ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रतिशेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३१.९८ | १५.१७ | १४३.८७ | १६२३.१ | ५.९१५ |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) यस संस्थाको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक रहेको छ। लक्ष्य अनुसार सदस्य संख्या तथा लगानी बढाउदै लैजानु संस्थाको मुख्य सबल पक्ष रहेको छ। आ.व. ०७४/७५ को चौथो त्रैयमासमा संस्थाको खुद नाफा रू.२४,९३६.८३ हजार रहेकोमा यस आ.व.०७५/७६ को चौथो त्रैयमासमा रू.६२,३१०.३२ हजार रहेको छ।

ख) लघुवित्त वित्तीय संस्थाहरु बिचमा रहेको तिब्र प्रतिष्पर्धाको सामना गर्नको लागि सेवामा विविधिकरण गरी ग्राहक सदस्यहरुलाई छिटो र छरितो सेवाप्रदान गर्ने, संस्थासंग हाल कारोबार गरिरहेका र संम्भाव्य ग्राहकको पहिचान गरी लगानी बढाउदै लैजाने नीति यस संस्थाले लिएको छ। संस्थाले हाल देशका ३५ जिल्लामा ५७ वटा शाखा मार्फत ४९,५६० परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। ग्राहकको चाहाना तथा आवश्यकताअनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।

ग) पछिल्लो अवस्थामा देशमा देखिएको तरलता अभाव, संस्थाहरु बिचमा देखिएको अस्वस्थ प्रतिष्पर्धा, कर्जामा दोहोरोपना, दक्ष कर्मचारीको कमी, बैक तथा वित्तीय संस्थाहरुले लिने कर्जाको व्याजमा वृद्धि इत्यादिको कारणले संस्थालाई असर पार्ने भएतापनि व्यवस्थापनले लिएको उचित निर्णयका कारण संस्थाको नगद मौज्दात, नाफा तथा नगद प्रवाहमा गम्भीर समस्या परेको छैन।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।

ख) यस संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकका विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

ख) नेपाल स्टक एक्सेन्जको वेभसाईट अनुसार यस त्रैमासिक अवधिमा भएको यस संस्थाको शेयर कारोबारको विवरण यस प्रकार छ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कुल कारोबार दिन | कारोबार भएको शेयर संख्या | कुल कारोबार संख्या |
|---|---|---|---|---|---|
| रु.६६३ | रु. ४५५ | रु. ४८५ | ५५ | १८,६६८ | ५२५ |

**५. समस्या तथा चुनौती :**

क) एकै स्थानमा धैरै संस्थाहरुको कार्य क्षेत्र रहेकोले ऋणमा दोहोरोपनमा बृद्धि भएको र सदस्यहरुको ऋण भार अधिक हुने कारणले खराब ऋणको अंश बढदै जाने देखिन्छ।

ख) कामगर्न उत्सुक दक्ष कर्मचारीहरुको अभाव, कार्यक्षेत्रको भौगोलिक विकटताका कारण कर्मचारी उत्पादकत्व कम हुने र सोही कारणले सञ्चालन लागत बृद्धि हुनु संस्थाको समस्याको रुपमा रहेका छन्।

ग) बजारको व्याजदरमा भएको बृद्धि संस्थाको चुनौतिको रुपमा रहेको छ।

घ) लगानीयोग्य रकम प्राप्तिमा कठिनाइ रहेको छ।

**६. संस्थागत सुशासन** : संस्थागत सुशासनलाई कायमगर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पालना गरिएको छ। संस्थाको सुशासन अभिवृद्धि तथा संस्थाले गर्ने कार्यहरुलाई पारदर्शि एवं नियम संगत गर्नका लागि आवश्यकता अनुसार विभिन्न समितिहरु गठन गरिएको छ। संस्थाको कारोबारलाई व्यवस्थित गर्न आवश्यकताअनुसार नीति तथा निर्देशिका तर्जुमा गरि उक्त नीति तथा निर्देशिकाहरुको कडाईका साथ पालना गरी संस्थालाई अगाडि बढाउन व्यवस्थापन प्रतिबद्ध रहेको छ।

**७. कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य, र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित भई आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।